# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, मंसिर १ गते, २०८२ साल (संख्या ४३

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २७**

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २३ मा संशोधन** : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ :-

"२३. **विवरण सच्याउने** : (१) ऐनको दफा २५ बमोजिम कुनै व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरणमा त्रुटि भई वा फरक परी सच्याउनु परेमा ऐनको दफा १८ बमोजिमको सम्बन्धित व्यक्तिले देहाय बमोजिमका कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी अनुसूची-२६ बमोजिमको ढाँचामा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) जन्मदर्ता प्रमाणपत्रको हकमा,-

(१) नेपाली नागरिकताको प्रमाणपत्र जारी भई सकेको व्यक्तिको हकमा निजको नेपाली नागरिकताको प्रमाणपत्र,

(२) सोह्र वर्ष उमेर नपुगेको बालबालिका वा नेपाली नागरिकताको प्रमाणपत्र जारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भई नसकेको व्यक्तिको हकमा निजको नाम, थर, उमेर वा अन्य विवरण खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्र,

(३) सोह्र वर्ष उमेर नपुगेको बालबालिका वा नेपाली नागरिकताको प्रमाणपत्र जारी भई नसकेको र शैक्षिक योग्यताको प्रमाणपत्र समेत नभएको व्यक्तिको हकमा स्वास्थ्य संस्थाबाट जारी भएको निजको नाम, थर, उमेर वा अन्य विवरण खुल्ने जन्मको प्रमाणपत्र वा विद्यालय भर्नाको प्रमाणित अभिलेख,

(४) विदेशमा जन्म भई सोह्र वर्ष उमेर नपुगेको बालबालिका वा नेपाली नागरिकताको प्रमाणपत्र जारी भई नसकेको व्यक्तिको हकमा निजको नाम, थर, उमेर वा अन्य विवरण खुल्ने राहदानी वा विदेशस्थित नेपाली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

नियोगबाट जारी भएको यात्रा अनुमतिपत्र,

(५) नेपालमा जन्म भएको विदेशीको हकमा निजको नाम, थर, उमेर वा अन्य विवरण खुल्ने राहदानी वा सम्बन्धित विदेशी नियोगबाट जारी भएको यात्रा अनुमतिपत्र वा नेपालको स्वास्थ्य संस्थाबाट जारी भएको जन्मको प्रमाणपत्र, वा

(६) जन्मदर्ता प्रमाणपत्र सच्याउनु भनी अदालतबाट आदेश वा फैसला भएको भएमा सोही आदेश वा फैसला।

(ख) मृत्यु दर्ता प्रमाणपत्रको हकमा,-

(१) नेपाली नागरिकताको प्रमाणपत्र, सो नभएमा जग्गाधनी दर्ता प्रमाण पुर्जा वा स्वास्थ्य संस्थाबाट जारी भएको मृत्यु प्रमाणपत्र,

(२) नेपाली नागरिकताको प्रमाणपत्र जारी भई नसकेको, जग्गाधनी दर्ता प्रमाण पुर्जा नभएको र स्वास्थ्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

संस्थाबाट मृत्यु प्रमाणपत्र जारी नभएको व्यक्तिको हकमा प्रहरीको सरजमिन मुचुल्का,

(३) नेपालमा मृत्यु भएको विदेशीको हकमा निजको नाम, थर, उमेर वा अन्य विवरण खुलेको निजको राहदानी, वा

(४) मृत्युदर्ता प्रमाणपत्र सच्याउनु भनी अदालतबाट आदेश वा फैसला भएको भए सोही आदेश वा फैसला।

(ग) विवाह दर्ता प्रमाणपत्रको हकमा,-

(१) नेपाली नागरिकताको प्रमाणपत्र,

(२) विदेशीको हकमा निजको नाम, थर, उमेर वा अन्य विवरण खुलेको सम्बन्धित मुलुकले जारी गरेको राहदानी,

(३) विवाह दर्ता प्रमाणपत्र सच्याउनु भनी अदालतबाट आदेश वा फैसला भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा सोही फैसला वा आदेश, वा

(४) दर्ताद्वारा गरिएको विवाहको प्रमाणपत्र सच्याउने गरी अदालतबाट फैसला वा आदेश भई सच्याइएको दर्ता विवाहको प्रमाणपत्र।

(घ) सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको हकमा,-

(१) सम्बन्ध विच्छेद हुने गरी अदालतबाट भएको फैसला वा आदेश र नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा विदेशीको हकमा राहदानी,

(२) उपखण्ड (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली नागरिकताको प्रमाणपत्र बनी नसकेको व्यक्तिको सम्बन्ध विच्छेद भएकोमा त्यस्तो सम्बन्ध विच्छेद हुने गरी अदालतबाट भएको फैसला वा आदेश।

(ङ) बसाइँ सराई दर्ता प्रमाणपत्रको हकमा,-



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्र, वा

(२) नेपाली नागरिकताको प्रमाणपत्र जारी भई नसकेको व्यक्तिको हकमा निजको नाम, थर, उमेर वा अन्य विवरण खुलेको जिल्ला प्रशासन कार्यालयबाट जारी भएको नाबालक परिचयपत्र वा जन्म दर्ताको प्रमाणपत्र।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर स्थानीय पञ्जिकाधिकारीले छानबिन गरी उपयुक्त देखिएमा त्यस्तो विवरण सच्याइदिन सक्नेछ।

(३) स्थानीय पञ्जिकाधिकारीले छानबिनको क्रममा उपनियम (१) बमोजिमको कागजातको सक्कल प्रति माग गर्न सक्नेछ र यसरी माग गरेकोमा सम्बन्धित व्यक्तिले त्यस्तो कागजात समयमा नै उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्दा कुनै विषयमा थप पुष्ट्याई आवश्यक भएमा स्थानीय पञ्जिकाधिकारीले सम्बन्धित वडाका जनप्रतिनिधि सहित कम्तीमा पाँच जना सम्बन्धित वडाका नागरिकबाट सरजमिन गराउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्दा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा रहेको व्यक्तिको नाम, थर, आमा वा बाबुको नाम, थर फरक परेर सच्याउनु पर्ने देखिएमा प्रहरी प्रतिवेदन तथा ठेगाना सच्याउनु पर्ने भएमा सम्बन्धित वडाबाट स्थायी बसोबास प्रमाणित कागजातसमेत संलग्न गर्नु पर्नेछ।

तर व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तैः "कुमारी", "देवी", "बहादुर", "प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकार, उकारमा फरक परी सच्याउन माग गरेमा प्रहरी प्रतिवेदन आवश्यक पर्ने छैन।

(६) स्थानीय पञ्जिकाधिकारीले नेपाली नागरिकको व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लेख भएको बाबु वा आमाको नाम, थर त्यस्तो बाबु वा आमाले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख भए भन्दा फरक परी सच्चाउनु परेमा बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नाम, थरको आधारमा निजको व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा रहेको बाबु वा आमाको नाम, थर सच्याई दिन सक्नेछ।

(७) यस नियमबमोजिम विवरण सच्याउनका लागि परेको निवेदन उपर स्थानीय पञ्जिकाधिकारीले छानबिन गरी त्यस्तो विवरण सच्याउन सकिने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नसकिने सम्बन्धमा सात दिनभित्र निर्णय गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई गराउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम निर्णय गर्दा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र सच्याउने गरी निर्णय गरेमा उक्त सच्याइएको विवरण सम्बन्धित दर्ता किताब, प्रमाणपत्र र पञ्जीकरण व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी यस अघि जारी भएको व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र लिई सच्याइएको व्यक्तिगत घटनाको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

(९) कुनै व्यक्तिको व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा रहेको विवरण व्यक्तिगत घटना दर्ता किताबमा रहेको अभिलेखसँग फरक परेको भनी निवेदन प्राप्त हुन आएमा सो सम्बन्धमा उपनियम (१) मा उल्लेख भए बमोजिमका कागजातको सक्कलबाट सो व्यहोरा पुष्टी हुन आएमा स्थानीय पञ्जिकाधिकारीले त्यस्तो दर्ता किताबमा रहेको अभिलेख एक पटक सच्याउन सक्नेछ।"

३. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : मूल नियमावलीको अनुसूची-२६ को सट्टा संलग्न बमोजिमको अनुसूची-२६ राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-२६

(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)

**व्यक्तिगत घटना दर्ताको विवरण सच्याउनको लागि दिने निवेदनको ढाँचा**

मितिः...............................

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,
वडा नं. ...................................गाउँपालिका/नगरपालिका/
उपमहानगरपालिका/महानगरपालिका...........................जिल्ला,
................ प्रदेश/नेपाली नियोग........... ।

विषयः- ..........दर्ताको विवरण सच्याई सच्याइएको प्रमाणपत्र पाउँ ।

देहायको विवरण खुलाई जन्म/मृत्यु/विवाह/सम्बन्ध विच्छेद/बसाइँ सराई दर्ता प्रमाणपत्रको विवरण सच्याउनको लागि निवेदन दिएको छु/छौं । कानून बमोजिम विवरण सच्याइएको प्रमाणपत्र उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

१. नाम, थर :
२. दर्ता नम्बर :
३. दर्ता मिति :
४. संशोधन हुनु पर्ने विवरण :

| क्र.सं. | सच्याउन माग गरेको प्रमाणपत्र | साविकको विवरण | कायम हुनु पर्ने विवरण | सच्याउनु पर्ने कारण |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदनसाथ संलग्न प्रमाण/कागजात

१. ………………

२. ………………

३. ………………

माथि पेश गरेको विवरण ठिक साँचो हो। फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| निवेदक | |
|---|---|
| नाम,थर :……………… | नाम,थर :…………… |
| ठेगाना :……………… | ठेगाना :…………… |
| दस्तखत :……………… | दस्तखत :…………… |
| सम्पर्क नं.:…………… | सम्पर्क नं.:…………… |

| स्थानीय पञ्जिकाधिकारी |
|---|
| नाम : ………………… |
| दस्तखत : ……………… |
| मिति : ………………… |

**द्रष्टव्य** :

(१) विवाह दर्ताको प्रमाणपत्रको विवरण सच्याउन पति र पत्नी दुवैले निवेदन दिनु पर्नेछ।

(२) नाबालकको हकमा व्यक्तिगत घटना दर्ताको विवरण सच्याउनको लागि निवेदन दिँदा निजको बाबु, आमा, संरक्षक, माथवर वा सूचकले नाबालकको तर्फबाट निवेदन दिन सक्नेछ।”

**आज्ञाले,**

**रामेश्वर दंगाल**

**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।